संवत् २०८० साल पौष ३ गते बसेको ६ औं कार्यपालिका बैठकका निर्णयहरु:

बैठकका प्रस्तावहरू:

१. कार्यविधि पारित सम्बन्धमा।
२. विपद व्यवस्थापन सम्बन्धमा।
३. समसामयिक विषय सम्बन्धमा।

निर्णयहरु:

१. कार्यविधि पारित सम्बन्धमा: लुङ्ग्री गाउँपालिकाको तपशिल बमोजिमको कार्यविधि पारित गर्ने।
(क) नाफा रहित तथा सेवा सहितको सहुलियत पसल संचालन तथा व्यवस्थापन कार्यविधि, २०८०
(ख) अटो रिक्सा संचालन कार्यविधि, २०८०
(ग) लुङ्ग्री गाउँपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७९ मा गोठ आगलागिको क्षती भएको खण्डमा पिडितलाई जनही रु ५,०००/-(अक्षेरेपी पाँच हजार) प्रदान गर्ने व्यवस्था थप गरी विपद व्यवस्थापन कार्यविधि संशोधन गर्ने।

२. विपद व्यवस्थापन सम्बन्धमा: लुङ्ग्री गाउँ कार्यपालिकाको कार्यालयले मिति २०८०/०४/२१ गते बसेको बैठकको निर्णयानुसार खरिद भएका ग्याबिन वक्स जालीहरु हालको मिति सम्म प्राप्त भएका निवेदनको आधारमा प्रत्येक निवेदकलाई प्राविधिक स्टिमेट बमोजिम ९ घनमिटर देखि १५ घनमिटर सम्म प्रदान गर्ने।

३. समसामयीक विषयका सम्बन्धमा:
क) लुङ्ग्री गाउँपालिकाको कार्यपालिका बैठक संख्या ५ मिति २०८०/०८/१२ को निर्णयानुसार अनुमोदन भएको गाउँपालिकाको लोगो र लेटर हेड सार्वजनिक गरी कार्यालयको पत्र र कर्मचारी परिचय पत्र लगायत कार्यालयको दस्ताबेजहरुमा कार्यालयको आधिकारीक छापका रुपमा प्रयोगमा ल्याउने।
ख) आ.ब. ०८०/८१ को बैठक संख्या १, मिति २०८०/०४/२१ गतेको गाउँ कार्यपालिकाको निर्णयानुसार गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम कार्यन्वयनका लागि नेपाल सरकारबाट प्राप्त अनुदानमा व्यापक कटौती भएकोले सो कार्यक्रममा कार्यरत २ जना उद्यम विकास सहजकर्ताको करार अवधी तत्कालको लागि नविकरण नगर्ने भनी निर्णय भएकोमा, हाल सो कार्यक्रम कार्यन्वयनमा कठिनाइ भएको हुँदा सोही कार्यक्रममा कार्यरत उद्यम विकास सहजकर्ता श्री जानकी माझी र श्री धनमाला गुरुङलाई पुन: करार अवधी थप गरी लघु उद्यम विकास कार्यक्रम वडा नं ७ मा संचालन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने।
ग) यस लुङ्ग्री गाउँपालिकाको आ.ब. ०८०/८१ को हिउँदे गाउँसभा (अधिवेसन) मिति २०८०/०९/२४ गते गर्ने।
घ) ढुङ्गा, गिट्टी र बालुवाको प्रयोगका लागि व्यक्ति, उपभोक्ता र ठेकेदारहरुबाट व्यापक माग भइ आएको भएता पनि अधिल्लो कार्यपालिकाको बैठकको निर्णयानुसार प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) प्रकृया सम्पन्न भएपश्चात मात्र प्रदान गर्ने।
ङ) स्थानीय सरकार संचालन पात्रो, २०८० र मोवाइल एपलाई दैनिक क्रियाकलाप एवं कार्यक्रमहरु संचालनको आधारको रुपमा प्रयोग गर्ने।
च) गत आ.ब.०७९/८० मा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा शिल्ड जित्ने बिद्यालयलाई विशेष भुमिका दिनेगरी मिति २०८०/०९/२५ गते देखि आवस्यक मापदण्ड पुरा गरी गाउँपालिका केन्द किलाचौर खारखोला खेलमैदानमा संचालन गर्ने।

लुङ्ग्री गाउकार्यपालिकाको बैठक    मिति २०८०/०९/०३    बैठक संख्या: ६

प्रमुख प्रशासकीय अधिकृत    भरत कुमारी थापा गा.पा. अध्यक्ष